**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क २१६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ भदौं ५ गते शुक्रबार ❑ 21 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## सांसदहरूले आफूले बोल्ने हरेक शब्द र निर्णयप्रति गम्भीर हुनुपर्छ: सभापति थापा

**पोखरापत्र संवाददाता**
पोखरा, ४ भदौं

नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले संसद्मा पुगेपछि सांसदहरूले आफूले बोल्ने हरेक शब्द र गर्ने हरेक निर्णयप्रति गम्भीर हुनुपर्ने बताउनुभएको छ।

'दोलखाका लोकनायकहरू' पुस्तक लोकार्पण तथा नन्दप्रसाद-जानुका स्मृति सम्मान समर्पण समारोहमा आज सभापति थापाले संसद्को गरिमा र सांसदको जिम्मेवारीप्रति सम्बन्धित सबै सजग हुनुपर्ने उल्लेख गर्नुभयो । सभापति थापाले नेपालले तत्काल कुनै नयाँ राजनीतिक 'एड्भेन्चर' धान्न नसक्ने बताउँदै अब नेपालमा राजनीतिक 'एड्भेन्चर' नचाहिएको उल्लेख गर्नुभयो । उहाँले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पाँच वर्षका लागि सरकार चलाउन जनताबाट 'म्यान्डेट' लिएर आएकाले पाँच वर्षसम्म काम गर्ने अवसर दिनुपर्ने बताउनुभयो।

पाँच वर्षपछि कांग्रेसले सरकार चलाउने गरी आफूहरूले तयारी गरिरहेको बताउँदै सभापति थापाले भन्नुभयो, "विगतबाट पाठ सिकेर आफूलाई सच्च्याउँदै हामी अघि बढेका छौँ ।" उहाँले राजनीतिमा सधैँ सङ्ख्या मात्रै ठूलो नहुने उल्लेख गर्दै विगतमा कांग्रेस-एमालेले जनताको असन्तुष्टिलाई बेलैमा सम्बोधन गर्न नसक्दा र बहुमत तथा जनादेशलाई पर्याप्त ठानेको परिणाम भोग्नुपरेको स्मरण गराउनुभयो।

सभापति थापाले भन्नुभयो, "हामीले एकैपटक माथि मात्रै हेर्‍यौँ, हामीसँग पाएको शक्ति, प्रतिष्ठा मात्रै हेर्‍यौँ, त्यसले हामीलाई ठीक ठाउँमा पुऱ्याउन सक्दैन । हिजो हामीले सिकेको कुरा हो यो, हामी त्यो सिकाइबाट आफूलाई सच्च्याउन चाहन्छौँ, आफूलाई बदलेर लैजान चाहन्छौँ ।" लोकतन्त्रमा नैतिक नेतृत्वको महत्वपूर्ण हुने बताउँदै सभापति थापाले वर्तमान सरकारले निर्वाचनमा मत दिएका र नदिएका दुवै नागरिकको विश्वास कायम राख्नुपर्ने सुझाव दिनुभयो । दोलखाको इतिहास, समाज र राजनीतिमा महत्वपूर्ण योगदान पुऱ्याउनुभएका अग्रज व्यक्तित्वहरूको योगदानलाई सम्मान गर्दै सामाजिक, शैक्षिक तथा राजनीतिक व्यक्तित्व नन्दप्रसाद शिवाकोटीको ११२ औँ जन्मजयन्तीका अवसरमा आयोजित कार्यक्रममा कांग्रेसका नेताहरू तथा विचारकहरूले उहाँको योगदान, विचार र आदर्शलाई स्मरण गर्नुभएको थियो।

वक्ताहरूले दोलखाका लोकनायकहरूको योगदानलाई पुस्तान्तरण गर्ने र समाज निर्माणमा उहाँहरूले देखाउनुभएको मार्गलाई नयाँ पुस्तासम्म पुऱ्याउने प्रयास महत्वपूर्ण भएको उल्लेख गर्नुभएको थियो।

## नेपालगञ्ज-पोखरा उडान पुनः सुरु हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ४ भदौं

लामो समयदेखि रोकिएको नेपालगञ्ज-पोखरा नियमित हवाई सेवा यही भदौको अन्तिम सातादेखि पुनः सञ्चालन हुने भएको छ।

निजी क्षेत्रको सेवा प्रदायक बुद्ध एयरले यही भदौ ३१ गतेदेखि नेपालगञ्ज-पोखरा उडान पुनः सञ्चालन गर्न लागेको जनाएको छ। बुद्ध एयर नेपालगञ्जका प्रमुख विनीतविक्रम शाहले यात्रुको माग बढेकाले उडान पुनः सञ्चालन गर्ने निर्णय भएको जानकारी दिनुभयो । उहाँका अनुसार भारतको उत्तर प्रदेशलाई पोखरासँग सिधा जोड्ने यो उडानका लागि यात्रुको माग बढ्दै गएको छ। गत जेठ ५ गतेदेखि उडान स्थगित गरिएको थियो। भारतबाट आउने धार्मिक पर्यटकको सङ्ख्या घट्नु र इन्धन खर्च बढी भएकाले उडान रोकिएको शाहले बताउनुभयो । पछिल्लो समय धार्मिक पर्यटकको सङ्ख्या बढ्नाका साथै उडानको माग बढेकाले सेवा पुनः सञ्चालन गर्न लागिएको उहाँले जानकारी दिनुभयो।

तालिकाअनुसार आइतबार, बुधबार र शुक्रबार उडान हुनेछ। त्यसका लागि बुकिङ खुला गरिएको बुद्ध एयरले जनाएको छ। नेपालगञ्ज-पोखरा उडान पुनः सञ्चालन हुने भएपछि बाँकेका पर्यटन व्यवसायी उत्साहित भएका छन् । पर्यटन प्रवर्द्धन मञ्च बाँकेका अध्यक्ष कृष्णप्रसाद श्रेष्ठले पश्चिम नेपालसँगै भारतका नागरिकलाई पोखरासँग सिधा जोड्ने भएकाले यो उडान पर्यटन व्यवसायीका लागि महत्वपूर्ण रहेको बताउनुभयो । उहाँका अनुसार हवाई सेवा सञ्चालन भएपछि पोखरालगायतका क्षेत्रबाट बागेश्वरी मन्दिर तथा भारतको अयोध्यासहितका धार्मिकस्थलमा पुग्न सहज हुनेछ।

साथै बाँके, बर्दिया, दाङ, सुर्खेतलगायत पश्चिम नेपालका नागरिकलाई पोखरा तथा मुस्ताङ पुग्न पनि सहज हुने उहाँले बताउनुभयो । स्थानीय पर्यटन व्यवसायीको लामो प्रयासपछि २०७८ साल साउन १७ गतेदेखि सातामा तीन दिन नेपालगञ्ज-पोखरा उडान सुरु गरिएको थियो।

## अन्नपूर्णद्वारा विपद् प्रभावितलाई सहयोग गर्न आह्वान

**पोखरापत्र संवाददाता**
पोखरा, ४ भदौं

अन्नपूर्ण गाउँपालिकाले विपद् प्रभावितलाई सहयोग गर्न आह्वान गरेको छ । राहत र पुनःस्थापना लागि गाउँपालिकाले विपद् व्यवस्थापन कोष सञ्चालनमा ल्याएको छ।

गत असार र साउन महिनामा गाउँपालिका क्षेत्रमा आएको बाढी, पहिरो तथा अन्य विपद् जन्य घटनाबाट प्रभावित क्षेत्रको पुनर्निर्माण, पीडित परिवारको राहत, उद्धार तथा पुनःस्थापनाका लागि विपद् व्यवस्थापन कोष सञ्चालनमा ल्याएको गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले बताउनुभयो।

"अविरल वर्षासँगै आएको बाढी, पहिरो तथा विभिन्न विपद्जन्य घटनाका कारण गाउँपालिका भित्रका सडक, पुल, होटललगायत भौतिक संरचना, कृषि क्षेत्र तथा स्थानीय नागरिकको जनजीवनमा ठूलो क्षति पुगेको छ। हामी क्षतिको विवरण अझै सङ्कलन गरिरहेका छौँ । पालिका एक्लैको प्रयासले सम्भव नभएपछि विपद् व्यवस्थापनका लागि कोष बनाएर कठिन परिस्थितिमा प्रभावित परिवारको राहत, उद्धार र पुनःस्थापनाका लागि सबै व्यक्ति, सङ्घसंस्था तथा सरोकारवालालाई विपद् व्यवस्थापन कोषमा सहयोग गर्न आह्वान गरेका छौँ", अध्यक्ष केसीले भन्नुभयो । अन्नपूर्ण गाउँपालिकाले विपद् प्रभावितको उद्धार, राहत तथा पुनःस्थापनामा सबैको सहकार्य आवश्यक रहेको उल्लेख गर्दै स्वदेश तथा विदेशमा रहेका सहयोगी मनका व्यक्ति, विभिन्न सङ्घसंस्था, सामाजिक तथा व्यावसायिक प्रतिष्ठानलाई विपद् व्यवस्थापन कोषमा सहयोग गर्न आग्रह गरेको छ।

गाउँपालिकाले प्राप्त सहयोग रकमलाई विपद् प्रभावित परिवारको राहत, उद्धार, पुनर्निर्माण तथा पुनःस्थापनाका कार्यमा प्राथमिकताका साथ परिचालन गर्ने जनाएको छ । अन्नपूर्णमा मोदी खोलाको बाढीले बिरेठाँटीमा पक्की कालोपत्र सडक बगाउँदा गाउँपालिकाका चार वडा सडक सम्पर्कबाट विच्छेद छन्। खोलाको कटानका कारण बिरेठाँटीमा करिब १०० मिटर कालोपत्र सडक बगाएको छ । विशेषगरी बीरेठाँटी क्षेत्र बढी प्रभावित भएको छ भने चिम्रुङ, हाइजुङलगायत आसपासका क्षेत्रमा पनि बाढीपहिरोले क्षति पुऱ्याएको गाउँपालिकाले जनाएको छ । अन्नपूर्ण-११ झिनुस्थित मोदीखोला किनारमा रहेको तातोपानी कुण्डसमेत बाढीले बगाएको छ। बाढीले खोलाको किनारमा सिमेन्ट, ढुङ्गा बालुबाट निर्माण गरिएको तीन वटा तातोपानी कुण्ड पूर्ण रुपमा बगाएर पूर्ण क्षति पुऱ्याएको हो। बाढीका कारण यस क्षेत्रका केही होटल, मन्दिर तथा झोलुङ्गे पुलसमेत बगाएको र क्षतिको विवरण सङ्कलन भइरहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चिरञ्जीवी बरालले बताउनुभयो। बाढीले बढी क्षति गरेको बिरेठाँटी पर्यटकीय क्षेत्र घान्द्रुक, छुम्रुङ र अन्नपूर्ण आधार शिविर (एबिसी) जाने प्रमुख प्रवेशमार्ग हो। यसैगरी बिरेठाँटी हुँदै तिखेढुङ्गा, उल्लेरी भएर म्याग्दीको प्रसिद्ध घोडेपानी तथा पुनहिल जाने महत्वपूर्ण पर्यटकीय मार्गसमेत हो।

## इभी आयातको नयाँ बाटो बन्दै कोरला, साउनमा भित्रिए सय गाडी

**पोखरापत्र संवाददाता**
पोखरा, ४ भदौं

चालु आर्थिक वर्षको पहिलो महिनामा कोरला नाकाबाट एक सय वटा विद्युतीय वाहन भित्रिएका छन्।

मुस्ताङ भन्सार कार्यालयका अनुसार एक महिनामा यो नाकाबाट आयात भएका विद्युतीय सवारी साधन र अन्य सामग्रीबाट राज्यकोषमा रु २ ९ करोड राजस्व दाखिला भएको छ । यो नाकाबाट दैनिक १० वटा कन्टेनरको भन्सार जाँचपास भइरहेको भन्सार प्रमुख विदुर चुडाललले जानकारी दिनुभयो । गत आवमा यहाँबाट तीन हजार विद्युतीय सवारीसाधन आयात भएका थिए । गत आवमा रु छ अर्ब ९२ करोड राजस्व सङ्कलन भएको थियो। यो नाका इभी आयातको नयाँ मार्गका रुपमा विकसित भएको छ।


## गभर्नरको कार्यकाल तीन वर्षमा झारिँदै

**रासस**
काठमाडौं, ४ भदौं

नेपाल राष्ट्र बैंकका गभर्नर र सञ्चालक समितिका सदस्यको कार्यकाल तीन वर्षमा सीमित गरिने भएको छ।

अर्थ समितिको आजको बैठकमा गभर्नर र सञ्चालकहरूको पाँच वर्षको कार्यकाललाई तीन वर्षमा सीमित गर्न सहमति भएको हो।

नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्न बनेको विधेयकमाथि आज भएको छलफलमा गभर्नरको कार्यसम्पादन सन्तोषजनक भएमा दुई वर्ष पदावधि थप्न सकिने प्रस्ताव विधेयकमा गरिएको समितिका सभापति कृष्णहरि बुढाथोकीले बताउनुभयो।




## स्वास्थ्य बिमामा यस वर्ष बजेट थप गरिएको छ: अर्थमन्त्री डा स्वर्णिम वाग्ले

**रासस**
काठमाडौं, ४ भदौं

अर्थमन्त्री डा स्वर्णिम वाग्लेले सरकारले स्वास्थ्य बिमा कार्यक्रमको बजेट नघटाएको बताउनुभएको छ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पार्टी कार्यालय वनस्थलीमा बिहीबार आयोजना गरेको 'नागरिक, नीति र नेतृत्व' संवाद कार्यक्रममा नागरिकका जिज्ञासा तथा प्रश्नको जवाफ दिँदै अर्थमन्त्री डा वाग्लेले स्वास्थ्य बिमाप्रतिको सरकारी धारणाबारे स्पष्ट पार्नुभएको हो।

गत वर्ष स्वास्थ्य बिमाका लागि अघिल्लो सरकारले रु १० अर्ब बजेट छुट्याएको तर नपुगेपछि रु ११ अर्ब थप गरिएको अर्थमन्त्री डा वाग्लेले जानकारी दिनुभयो । यस वर्षको बजेटमा स्वास्थ्य बिमाको बजेट रु पाँच अर्ब बढाएर रु १५ अर्ब पुऱ्याइएको उहाँले स्पष्ट पार्नुभयो।

अर्थमन्त्री डा वाग्लेले स्वास्थ्य बिमामा सरकारको दायित्व अझै बढिरहेको तर लगानीअनुसार नागरिकले सेवा पाएका छन् या छैनन् भन्नेमा शङ्का रहेको बताउनुभयो । स्वास्थ्य बिमा कार्यक्रम सरकारी अस्पतालहरूमा निरन्तर जारी रहेको उल्लेख गर्दै उहाँले यसलाई थप प्रभावकारी बनाउन अध्ययन भइरहेको बताउनुभयो।

यस्तै अर्थमन्त्री डा वाग्लेले गल्ती नगरी चेक बाउन्सलगायतका कारण 'ब्ल्याक लिस्ट'मा परेर आर्थिक समस्यामा परेका उद्यमीलाई राहत दिन सरकारले पहल थालेको बताउनुभयो । ब्ल्याक लिस्टको 'दुष्चक्र'मा अञ्जानमा फसेकालाई राहत दिने विषयमा राष्ट्र बैंकसँग छलफल भइरहेको जानकारी दिनुभयो।

अर्थमन्त्री डा वाग्लेले चेक 'बाउन्स'का कारण करिब एक लाख ७० हजार नेपाली उद्यमीलगायत आर्थिक रूपमा अप्ठ्यारो परिस्थितिमा परेको उल्लेख गर्दै उहाँहरूलाई यस अवस्थाबाट बाहिर निकाल्न पहल सुरु गरिएको बताउनुभयो।

"ब्ल्याक लिस्टको दुष्चक्रबाट अन्जानमा फसेकालाई कसरी राहत दिन सकिन्छ भन्नेमा राष्ट्र बैंकले द्रुत गतिमा काम गरोस भनेर निर्देशन दिएको छु," उहाँले भन्नुभयो।

नवनियुक्त डेपुटी गभर्नर दीर्घ रावललाई बधाई दिने क्रममा समेत आफूले उक्त विषयलाई पहिलो प्राथमिकतामा राख्न आग्रह गरेको जानकारी दिँदै अर्थमन्त्री डा वाग्लेले राष्ट्र बैंकले आवश्यक काम अघि बढाउँदा अर्थ मन्त्रालयको पूर्ण साथ रहने बताउनुभयो।

ब्ल्याक लिस्टको समस्या विगत केही वर्षदेखि चर्किँदै गएको र त्यसका कारण उद्यमीको उठिबास लाग्ने अवस्था सिर्जना भएको उहाँले उल्लेख गर्नुभयो । कार्यक्रममा सहभागी नागरिकहरूले अर्थ मन्त्रालय, समग्र आर्थिक क्षेत्र तथा सरकारका समसामयिक कामकारबाहीबारे अर्थमन्त्री डा वाग्लेसमक्ष जिज्ञासा, समस्या, सुझाव तथा अपेक्षा राखेका थिए। रास्वपाले नागरिकका गुनासा, समस्या, सुझाव तथा अपेक्षा प्रत्यक्ष रूपमा सरकारमा सहभागी मन्त्री, सांसद तथा केन्द्रीय नेतृत्वसमक्ष पुऱ्याउने उद्देश्यले 'नागरिक, नीति र नेतृत्व' कार्यक्रम आजदेखि सुरु गरेको जनाएको छ।

आजको कार्यक्रममा पार्टीका महामन्त्री विपिनकुमार आचार्य, सहमहामन्त्री एवं प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहाकार असिम शाहको समेत सहभागिता रहेको थियो । कार्यक्रमअन्तर्गत नागरिकले मन्त्री तथा पार्टी नेतृत्वसँग प्रत्यक्ष संवाद गर्दै आफ्ना समस्या, सुझाव र अपेक्षा राख्न सक्ने महामन्त्री आचार्यले बताउनुभयो । नागरिकबाट प्राप्त सुझावलाई पार्टी तथा सरकारको नीति निर्माण र प्रभावकारी कार्यान्वयनसँग जोड्ने उद्देश्य रहेको रास्वपाले जनाएको छ । शुक्रबार उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादव कार्यक्रममा सहभागी हुनुहुने पार्टीले जनाएको छ।

# राइट टु प्रोटिन रनको पाँचौं संस्करण असोज ३ गते पोखरामा हुने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ भदौं




प्रोटिनयुक्त आहार, पोषण, शारीरिक तन्दुरुस्ती र स्वस्थ जीवनशैलीबारे जनचेतना फैलाउने उद्देश्यले आयोजना हुँदै आएको 'राइट टु प्रोटिन रन-२०२६' को पाँचौं संस्करण आगामी असोज ३ गते पोखरामा हुने भएको छ।

प्रतियोगितामा करीब ४ हजार भन्दा बढी धावक सहभागिता गराउने लक्ष्य राखिएको आयोजक नेपाल दाना उद्योग संघले विहिबार पोखरामा आयोजना गरेको पत्रकार सम्मेलनमा मार्फत जानकारी गराएको हो। प्रतियोगिता पोखराको लेकसाइडस्थित बसुन्धरा पार्कबाट सुरु हुने भएको छ भने हाप म्याराथन सहित विभिन्न ८ वटा विधामा प्रतियोगिता हुने भएको प्रतियोगिताका संयोजक समेज राजभण्डारीले बताउनु भयो । मुख्य प्रायोजक यूएस सोयाबिन एक्सपोर्ट काउन्सिल (युएसएसईसी) तथा प्राविधिक सहयोगी नेपाल एथलेटिक्स संघ रहेकोप्रतियोगितामाविजेताहरुलाई पुरस्कार स्वरुप १६ लाख रुपैया प्रदान गरिने भएको उहाँले जनाउनु भयो । प्रतियोगिता अन्तर्गत पुरुष र महिलातर्फ २१ किलोमिटर हाफ म्याराथन, पुरुषतर्फ १० किलोमिटर खुला दौड, महिलातर्फ ५ किलोमिटर खुला सडक दौड तथा कक्षा १२ सम्मका विद्यार्थीका लागि पुरुषतर्फ ५ किलोमिटर र महिलातर्फ ३ किलोमिटर दौड सञ्चालन हुने भएको छ। त्यस्तै, ह्विलचेयरतर्फ पुरुष र महिलाका लागि ३-३ किलोमिटर दौड समावेश गरिएको छ । हाफ म्याराथनको पुरुष र महिला दुवैतर्फ प्रथम हुनेले १ लाख ५० हजार रुपैयाँ, द्वितीयले १ लाख, तेश्रो ५० हजार, चौथो हुनेले ३० हजार र पाँचौं हुनेलाई २५ हजार रुपैयाँ पुरस्कार प्रदान गरिने भएको छ । त्यस्तै, पुरुषतर्फको १० किलोमिटर र महिलातर्फको ५ किलोमिटर खुला दौडमा प्रथमलाई ५० हजार, द्वितीयलाई ३० हजार, तृतीयलाई २० हजार, चौथो हुनेलाई १५ हजार र पाँचौं हुनेलाई १० हजार रुपैयाँ पुरस्कार प्रदान गरिने भएको छ। विद्यालय तथा ह्विलचेयरतर्फका सबै विधामा प्रथम हुनेले ३० हजार, द्वितीयले २० हजार, तेश्रो हुनेले १५ हजार, चौथो हुनेले १० हजार र पाचौं हुनेले ५ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्नेछन्। नियमानुसार २५ प्रतिशत कर कट्टीपछि विजेतालाई कुल १२ लाख ८० हजार रुपैयाँ वितरण गरिने आयोजकले जनाएको छ । दौड लेकसाइडस्थित बसुन्धरा पार्कबाट सुरु भई हल्लनचोक, खहरे, सेदी, खपौदी, पामे हुँदै लौरुकसम्म पुगेर सोही मार्गबाट बसुन्धरा पार्कमै फर्किएर सम्पन्न हुनेछ । दौडलाई सुरक्षित र व्यवस्थित बनाउन नेपाल एथलेटिक्स संघ, स्थानीय प्रशासन, जिल्ला प्रशासन कार्यालय, ट्राफिक प्रहरी, सुरक्षा निकाय, स्वास्थ्यकर्मी तथा स्वयंसेवकसँग समन्वय गरिने आयोजकले जनाएको छ । दौड मार्गका विभिन्न स्थानमा खानेपानी, हाइड्रेसन स्टेसन, प्राथमिक उपचार तथा स्वास्थ्य सेवा उपलब्ध गराइनुका साथै एम्बुलेन्स र आकस्मिक स्वास्थ्य सेवाको व्यवस्था गरिने आयोजकले जनाएको छ । राइट टु प्रोटिन रन सन् २०१९ देखि सञ्चालन हुँदै आएको अभियान हो । खेलकुदलाई पोषण, स्वास्थ्य, कृषि तथा पर्यटनसँग जोड्दै आएको प्रतियोगिताले अण्डा, कुखुराको मासु, माछा, दूध, सोया, टोफु, पनीर, दाल तथा गेडागुडीजस्ता प्रोटिनका स्रोतबारे जनचेतना फैलाउने लक्ष्य राखेको छ । प्रतियोगिता केवल दौड प्रतियोगितामा सीमित नभई युवा, विद्यार्थी, महिला, खेलाडी तथा परिवारमा दैनिक प्रोटिनको आवश्यकता, सन्तुलित पोषण र शारीरिक सक्रियताको महत्वबारे चेतना अभिवृद्धि गर्ने अभियानका रूपमा अघि बढाइएको युवा व्यवसायी एवं युएसएसईसीका सदस्य डा. असेस भट्टराईले बताउनु भयो । साथै पोखरालाई खेलकुद तथा स्वास्थ्य पर्यटनको गन्तव्यका रूपमा प्रवर्द्धन गर्ने उद्देश्य समेत रहेको उहाँले जनाउनु भयो ।



पोखरा सेती नदीमा निर्माणाधीन 'सिग्नेचर' पुल : पोखरा-मुग्लिन सडक आयोजना अन्तर्गत पोखराको सेती नदीमा निर्माणाधीन 'सिग्नेचर' पुल । विसं २०७९ साउनमा ठेक्का सम्झौता भएको पुलको 'डाउनस्ट्रिम' तर्फको स्ल्याब ढलान सकिएको र टावर निर्माणको काम सकिएको छ। रसुवा कन्स्ट्रक्सनले भ्याटवाहेक रु ९४ करोडमा निर्माणको जिम्मा लिएको छ । तस्बिरः कृष्ण दवाडी/रासस

# पोखरा उद्योग वाणिज्य संघमा सदस्यका १० उमेदवारहरु एक भएर जाने

**पोखरापत्र संवाददाता**
पोखरा, ४ भदौं



आसन्न पोखरा उद्योग वाणिज्य संघको ७२औं अधिवेशन तथा ३६औं महाधिवेशनमा सदस्यका १० आकाक्षी उमेदवारहरु एकाकार भएर जाने निर्णय गरेका छन् ।

पोखरा उद्योग वाणिज्य संघको विधान बमोजिम कार्यसमिति सदस्य खुलामा १० जना निर्वाचित हुने व्यवस्था रहेकोमा उक्त पदका इच्छुक उमेदवारहरुबीच भएको छलफलबाट एकाकार भएर अध्यक्ष तथा पदाधिकारीको साझा कार्यसमिति सदस्यको उम्मेदवारका रूपमा एकजुट भई प्रस्तुत हुने भद्र सहमती भएको छ । कार्यसमिति सदस्य पदका उमेदवारहरु अमृत पोखरेल, सुर्यराज घिमिरे (सुरेश) दुर्गा बराल, नविन नापित, मनोहरि पौडेल, राम कँडेल, दुधमान गुरुङ (आशिष) कमल बहादुर सुनार, एक नारायण गौतम, भानुभक्त अधिकारीद्धारा जारी विज्ञप्तिमा भनिएको छ 'आम पोखरेली उद्योगी, व्यवसायीहरुको चाहना अनुसार पोखरा उद्योग वाणिज्य संघको भदौ २० र २१ गते सम्पन्न हुने ३६औं महाधिवेशनमा हामी सदस्यका उमेदवारहरु एकाकार भएरअध्यक्षतथापदाधिकारीहरुको साझा उमेदवारको रुपमा भई प्रतिस्पर्धा गर्ने निर्णय गरियो ।'

विज्ञप्तिमा भनिएको छ निर्वाचन जित्नेमात्र नभई पोखरा उद्योग वाणिज्य संघलाई अझ बलियो, एकताबद्ध र प्रभावकारी संस्थाका रूपमा अघि बढाउने उद्देश्यका साथ निर्वाचन पश्चात् समेत आपसी सहकार्यलाई निरन्तरता दिने निर्णय गर्दे निर्वाचनका लागि साझा घोषणापत्र, एउटै एजेन्डा र स्पष्ट सन्देश तयार गरी संघका सम्पूर्ण सदस्यहरूसँग प्रत्यक्ष भेटघाट तथा अन्तरक्रिया गर्ने निर्णय समेत गरीएको जनाइएको छ ।

पोखरा उधोग वाणिज्य संघको निर्वाचन तालिका अनुसार भदौ ५ गते उमेदवारको मनोनयन पत्र वितरण हुनेछ भने ८ गते उमेदवारले मनोनयन पत्र दाखिला गर्नुपर्नेछ । सोहि दिन उमेदवारको नामावली प्रकाशन हुने छ। २०११ सालमा अमृतप्रसाद शेरचनको अध्यक्षतामा स्थापना भएको पोखराको जेठो सामाजिक संस्था संघमा हाल २ हजार ७ सय ३१ सदस्य आबद्ध छन् ।

# प्रस्तावित शिक्षा ऐनलाई अन्तिम रुप दिन शिक्षा मन्त्रालयको प्राथमिकता

**पोखरापत्र संवाददाता**
पोखरा, ४ भदौं

विद्यालय शिक्षा प्रणालीमा लामो समयदेखि थाती रहेका समस्या समाधानका लागि शिक्षा तथा खेलकुद मन्त्रालयले उच्च प्राथमिकता दिएको छ।

शिक्षा क्षेत्रको कानुनी, संरचनागत र प्रक्रियागत सुधारमा सरोकार भएका पक्षको माग र भावनालाई समेट्न मन्त्रालयले देशव्यापी रुपमा 'शिक्षा संवाद' अभियान सञ्चालन गरिरहेको छ। कोशी प्रदेशबाट सुरु भएको उक्त संवाद अभियान गण्डकी प्रदेश हुँदै बुधबार लुम्बिनी प्रदेश पुगेको छ। सातै प्रदेशमा पुगेर मन्त्रालयले सुझाव सङ्कलन गर्नेछ। शिक्षक, प्रधानाध्यापक, अभिभावक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, जनप्रतिनिधि, बुद्धिजीवीलगायतबीच हुने प्रत्यक्ष संवादले शिक्षा क्षेत्रका समस्या पहिचान र समाधानका उपायको खोजीमा सहयोग पुऱ्याउने मन्त्रालयलको विश्वास छ।

मन्त्रालयका सहसचिव शिवकुमार सापकोटाले विद्यालय शिक्षा प्रणाली सुधारमा विगतदेखि पहल थालिए पनि अब अन्तिम त्यसलाई अन्तिम रुप दिनुपर्नेबेला आएको बताउनुभयो । "शिक्षा क्षेत्रमा जे-जस्ता समस्या र जटिलता छन् तिनलाई बुझ्न र टुङ्गोमा पुऱ्याउन शिक्षा संवादको अभियान सुरु गरिएको हो", उहाँले भन्नुभयो, "संवादका क्रममा प्राप्त भएका माग, गुनासा र सुझावलाई शिक्षा क्षेत्र सुधारका विभिन्न चरणमा मन्त्रालयले सम्बोधन गर्नेछ।" उहाँले सबैभन्दा पहिला कानुन तर्जुमामार्फत शिक्षा क्षेत्रमा देखिएका समस्या समाधान गर्नुपर्ने भएकाले प्रस्तावित शिक्षा ऐनलाई अन्तिम रुप दिन मन्त्रालय लागिपरेको बताउनुभयो।

विद्यालय शिक्षा सुधारमा ठोस कदम चाल्नुअघि मन्त्रालयले विभिन्न तहमा छलफल तथा परामर्श गरिरहेको सहसचिव सापकोटाले बताउनुभयो। "लामो समयदेखि जेलिएका समस्या र जटिलताको समाधान निकाल्न मन्त्रालय प्रतिबद्ध छ", उहाँले भन्नुभयो, "संवादका क्रममा प्राप्त सुझावलाई ग्रहण गरी तिनको सम्बोधनका लागि मन्त्रालयले इमान्दार प्रयास गर्छ।" संवादका क्रममा शिक्षक, कर्मचारीका पेसागत सुरक्षासँग जोडिएका विषयदेखि समग्र शिक्षा प्रणाली सुधारका मुद्दा उठ्ने गरेका छन्। पोखरा महानगरपालिका-१६ बाटुलेचौरस्थित विन्ध्यवासिनी माध्यमिक विद्यालयमा आयोजित 'शिक्षा संवाद'मा मन्त्रालयका सल्लाहकार शैलेन्द्र झाले शिक्षा क्षेत्रका विद्यमान समस्याको समाधानका लागि राज्यले जोखिम उठाउन सक्नुपर्ने बताउनुभयो । उहाँले शिक्षा क्षेत्र सुधारको अठोटसहित मन्त्रालयले सबै पक्षका आवाज र भावनालाई सम्बोधन गर्न संवाद अभियान सञ्चालन गरिरहेको बताउनुभयो। यस वर्ष देशभरका सामुदायिक विद्यालयको पूर्वाधार 'अडिट' गर्न लागिएको उहाँको भनाइ छ । शिक्षाविद् प्रा डा विद्यानाथ कोइरालाले शिक्षा क्षेत्रका समस्या मात्र नदेखाई अब समाधानको बाटो पहिल्याउनुपर्ने धारणा राख्नुभयो।

पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले विद्यालय शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र तोके पनि राज्यले पर्याप्त स्रोतसाधन उपलब्ध गराउन नसकेको बताउनुभयो । मुलुकको समग्र शिक्षा प्रणालीलाई सही दिशामा लैजान सबैपक्ष उत्तिकै जिम्मेवार बन्नुपर्ने उहाँको भनाइ छ।

प्रधानाध्यापक सङ्घ नेपालको सहजीकरण र शिक्षा विकास तथा समन्वय एकाइ, कास्कीको समन्वयमा आयोजित 'शिक्षा संवाद'मा समूहगत छलफलबाट आएका सुझाव र निष्कर्षलाई मन्त्रालयले ग्रहण गरेको थियो।

# अगौटे सुन्तलामा सुँडे पुतलीको प्रकोप

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ४ भदौं

स्याङ्जामा अगौटे जातको सुन्तला 'उन्सु' मा पहिलो पटक सुँडे पुतलीको प्रकोप पहिचान गरिएको छ। पुतलीबजार नगरपालिका-१४ सतौंस्थित कृषक हुमनाथ ढकालले लगाउनुभएको उन्सु जातको अगौटे सुन्तलामा सुँडे पुतलीका कारण क्षति पुगेको पहिचान गरिएको हो।

पाँच-छ वर्ष अघि सिन्धुली र रामेछापमा जुनारमा देखिएको यो प्रकोप स्याङ्जामा लगाइएको उन्सुमा पनि देखिएको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ स्याङ्जाका प्रमुख अजय अधिकारीले बताउनुभयो। अगौटे जातको उन्सुमा देखिएको सुँडे पुतलीले बेलुका र बिहान झिसमिसमै फल चुसेर नोक्सानी गर्ने तथा ४८ घण्टामा फल झार्ने भएकाले यसबाट समयमै सचेत हुन उहाँले कृषकहरूमा आग्रह गर्नुभएको छ। "सुँडे पुतलीको प्रकोप बढ्न नदिन समयमै रोकथाम गर्नु जरुरी छ," उहाँले भन्नुभयो, "जिल्लामा पहिलो पटक पहिचान भएको यो प्रकोपबाट क्षति हुन नदिनका लागि खोजी र नष्ट गर् अभियान सञ्चालन सुरु गर्छौं।"पुतलीले चुसेपछि झरेका फलहरू सङ्कलन गरी प्लाष्टिकको थैलामा मुख बन्द गरेर एक फिट खाडल खनेर गाडेको खण्डमा अन्य फल जोगाउन सकिन्छ। साँझ 'टर्च लाइट'को उज्यालोमा पुतली कीराहरू हलचल नगरी बस्ने भएकाले समाएर नष्ट गर्न सकिने तथा बगैंचाको वरिपरि चम्किलो उज्यालो बत्तीको व्यवस्थापन गरेर जोगाउन सकिने प्रमुख अधिकारीले बताउनुभयो । धुवाँ लगाउने, सक्खर, भेनेगर वा कुनै फलफूलको रस, माला थिएन । विषादीको चारो बनाएर पासो थाप्ने वा बगैंचामा छर्किने गर्नाले यो कीराबाट फललाई जोगाउन सकिने उपाय छन् ।

**उपकार बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
पोखरा महानगरपालिका-६, नारेश्वर, बसन्त बैठक, कास्की
फोन: ०६१-४५१३९२, ४५४६६३

**सदस्यता सम्बन्धी अत्यन्त जरुरी सूचना**

प्रकाशित मिति २०८३/०५/०५ गते

यस उपकार बचत तथा ऋण सहकारी संस्था लि. पोखरा-०६ कास्कीको स्थापना काल २०६५ माघ ७ गतेबाट १ देखि १० कित्ता शेयर खरिद गरि सदस्यता लिएर मिति २०८३ श्रावण २४ गतेसम्म संस्थामा नियमित आर्थिक कारोबार नगरेका, संस्थाले संचालन गरेका सामाजिक गतिबिधीमा समावेश नभएका, समान प्रकृतिका अन्य सहकारीमा शेयर सदस्यता रहेका र संस्थाको साधारण सभामा बिना सूचना लगातार ३(तिन) पटकसम्म अनुपस्थित भएका शेयर सदस्यहरुको सदस्यता खारेज (लगत कट्टा) गर्न यस संस्थाको मिति २०८३ श्रावण २५ गते बसेको संचालक समितिको निर्णय, गण्डकी प्रदेश भूमि ब्यबस्था सहकारी तथा गरिबी निवारण मन्त्रालयद्धारा जारी गरिएको सहकारी नियमावली २०७६ को दफा १३, गण्डकी प्रदेश सहकारी ऐन २०७५ को परिच्छेद ५ को दफा ३१ अर्न्तगत (ख) मा भएको ब्यवस्था अनुसार सदस्यता खारेज सम्बन्धी यो ३५ (पैंतिस) दिने सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सदस्यता खारेज गर्न नपर्ने कारण भएमा तपशिलका कागजात सहित स्वयम् (आफै) संस्थामा उपस्थित हुनको लागि आदरणीय शेयर महानुभावहरुमा अनुरोध गरिन्छ।

**आवश्यक कागजातहरू :**

- नागरिकताको प्रतिलिपि
- शेयर सदस्यता प्रमाण पत्र
- नियमित कारोबार गरेको निस्साको साथमा निबेदन

**सचिव**
**संचालक समितीको आज्ञाले**

"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि**
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

**छाला तथा यौन रोगहरुका लागि**
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि



डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार



डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि



डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

**उपचार गर्ने रोगहरु :-**

१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

## एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. १० निवासी सतवर गुरुङको छोरा भारतीय भु.पु. सै.नं.५३३५०५६Y का हवल्दार जित बहादुर गुरुङको मिति २०८३।०४।२२ गतेको माग निवेदन अनुसार निजको श्रीमतीको ना.प्र.नं.११९५ स्याङजाको नेपाली नागरिकता प्रमाणपत्रमा नामथर कमल शुभा गुरुङसेनी र जन्ममिति वि.सं. २००६।०८।०६ (ई.सं.१९४९।११।२१) उल्लेख भएको र निजको भारतीय पेन्सन अभिलेखमा निजको श्रीमतीको नामथर कमला गरुङ र जन्ममिति वि.सं.२००४।०३।१७(ई.सं.१९४७।०७।०१) उल्लेख भई फरक परेतापनि माथि उल्लेखित फरक जन्ममिति र नामथर भएको व्यक्ति फरक नभई एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका १० नं. वडा कार्यालयको च.नं.१७७ मिति २०८३।०४।२२ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, कास्की**

## एउटै व्यक्ति भएको सूचना



गण्डकी प्रदेश तनहुँ जिल्ला साविक थप्रेक गा.वि.स. वडा नं. ५ हाल शुक्लागण्डकी नगरपालिका वडा नं १ निवासी भारतीय भु.पु. आर्मी नं ५७४६१२५ दर्जा हवल्दार खमान सिंह गुरुङ्ग ३ MECH भएको र निज खमान सिंह गुरुङ्गको एक मात्र विवाहित श्रीमती चौ माया गुरुङ्ग भएकोमा निज खमान सिंह गुरुङ्गको श्रीमती चौ माया गुरुङ्गको नेपाली नागरिकताको प्रमाण पत्रमा नामथर चौ माया गुरुङ्ग तथा जन्ममिति वि.सं. २०४६/०२/११ मा ३१ वर्ष भएको र निजको पतिको आर्मी रेकर्डमा नामथर CHU MAYA GURUNG तथा जन्ममिति ई.स. (१९५७/०५/२१) भई जन्म मिति फरक परेता पनि व्यक्ति एकै भएको भनी शुक्लागण्डकी नगरपालिका वडा नं.-१ को वडा कार्यालयको च.नं. ७४ मिति २०८३/०४/२५ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा जानकारी गराइन्छ।

**जिल्ला प्रशासन कार्यालय, तनहुँ**

# तनहुँमा तीन हजार बढी नयाँ धारा जडान

**पोखरापत्र संवाददाता**
दमौली, ४ भदौं

तनहुँमा खानेपानीको पहुँच विस्तार गर्ने उद्देश्यले सञ्चालन गरिएका विभिन्न कार्यक्रममार्फत पछिल्लो एक वर्षमा तीन हजार ५४६ नयाँ धारा जडान गरिएको छ। आर्थिक वर्ष २०८२/८३ मा गण्डकी प्रदेश सरकारको कार्यक्रम तथा सङ्घीय सरकारका विभिन्न अनुदान कार्यक्रममार्फत नयाँ धारा जडान, खानेपानी प्रशोधन तथा आधार भूत खानेपानी सुविधा विस्तार गरिएको हो।

जिल्लास्थित खानेपानी तथा सरसफाइ डिभिजन कार्यालयका इन्जिनियर अनिल सुवेदीका अनुसार आव २०८२/८३ मा गण्डकी प्रदेश सरकारको कार्यक्रमअन्तर्गत तीन हजार २२७ घरमा नयाँ धारा जडान गरिएको छ । यसैगरी, सङ्घीय सरकारको विशेष अनुदान कार्यक्रममार्फत ३१९ घरमा नयाँ धारा जडान गरिएको उहाँले जानकारी दिनुभयो । सुवेदीका अनुसार प्रदेश सरकारमार्फत ५५५ घरमा खानेपानी प्रशोधनसम्बन्धी काम गरिएको छ । प्रदेश सरकारको कार्यक्रमअन्तर्गत हालसम्म तनहुँका २० हजार ८६७ घरमा धारा जडान भइसकेको जनाउँदै उहाँले एक लाख चार हजार ८५७ घरमा आधारभूत खानेपानी सुविधा पुगेको बताउनुभयो । प्रदेश सरकारको कार्यक्रमबाट हालसम्म तीन हजार ४२ ९ घरमा खानेपानी प्रशोधनसम्बन्धी काम भएको छ। इन्जिनियर सुवेदीका अनुसार सङ्घीय सरकारको ससर्त अनुदान कार्यक्रममार्फत पनि तनहुँमा खानेपानीको पहुँच विस्तार गरिएको छ । यस कार्यक्रमअन्तर्गत हालसम्म २९ हजार ९५९ घरमा आधारभूत खानेपानी सुविधा पुगेको छ। त्यसैगरी, पाँच हजार ६३१ घरमा 'एक घर, एक धारा' कार्यक्रमअन्तर्गत खानेपानीको व्यवस्था गरिएको उहाँले जानकारी दिनुभयो । खानेपानीको गुणस्तर सुधार तथा शुद्ध पानी उपलब्ध गराउने उद्देश्यले एक हजार २७८ घरमा खानेपानी प्रशोधनसम्बन्धी काम गरिएको सुवेदीको भनाइ छ। 'एक घर, एक धारा' कार्यक्रमले सामूहिक तथा सार्वजनिक धारामा निर्भर परिवारलाई आफ्नै घरमा नियमित खानेपानीको पहुँच पुऱ्याउन सहयोग गर्नाका साथै सरसफाइ र स्वास्थ्यमा पनि सकारात्मक प्रभाव पारेको उहाँले बताउनुभयो । सङ्घीय सरकारको विशेष अनुदान कार्यक्रमबाट जिल्लामा खानेपानीका विभिन्न आयोजना सञ्चालन भएका छन्। यस कार्यक्रमअन्तर्गत हालसम्म १४ हजार ८९० घरमा आधारभूत खानेपानी सुविधा पुगेको इन्जिनियर सुवेदीले जानकारी दिनुभयो। त्यस्तै, तीन हजार ५६१ घरमा एक घर, एक धाराकार्यक्रम कार्यान्वयन भएको छ । छ सय ६३ घरमा खानेपानी प्रशोधनसम्बन्धी पूर्वाधार निर्माण तथा व्यवस्था गरिएको कार्यालयले जनाएको छ । विशेषगरी खानेपानीको सहज पहुँच नपुगेका तथा भौगोलिक रूपमा विकट क्षेत्रका बस्तीलाई लक्षित गरी यस्ता आयोजना सञ्चालन हुँदै आएका छन् । नयाँ खानेपानी आयोजना निर्माणसँगै पुराना आयोजनाको सुधार र विस्तारलाई समेत प्राथमिकता दिइएको कार्यालयले जनाएको छ । तनहुँमा खानेपानी विस्तारका लागि प्रदेश सरकारका साथै सङ्घीय सरकारका ससर्त तथा विशेष अनुदान कार्यक्रम सञ्चालन हुँदै आएका छन्। यस्ता कार्यक्रममार्फत नयाँ आयोजना निर्माण, पुराना आयोजनाको विस्तार, धारा जडान तथा प्रशोधन केन्द्र निर्माण प्रक्रिया अघि बढाइएको छ । कार्यालयका अनुसार खानेपानी सेवा विस्तारका क्रममा स्थानीय तहसँग समन्वय गर्दै आइएको छ । स्थानीय आवश्यकता, खानेपानीको स्रोत, उपभोक्ताको सङ्ख्या तथा भौगोलिक अवस्थाका आधारमा आयोजना छनोट तथा कार्यान्वयन गर्ने गरिएको सुवेदीले बताउनुभयो।

कार्यालयले नयाँ खानेपानी आयोजनाको माग, सर्वेक्षण, डिजाइन, लगत तयार, आयोजना निर्माण तथा कार्यान्वयन, आवश्यक सामग्री निकासा, प्राविधिक सहयोग, अनुगमन, निरीक्षण, मूल्याङ्कन तथा भुक्तानीलगायत काम गर्दै आएको छ।

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**पर्वत, कुश्मा**

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत विषयमा यस जिल्लास्थित साविक पाखापानी गा.वि.स. वडा नं १ हाल महाशिला गाउँपालिका वडा नं ४ बस्ने भारतीय भु.पु. नं ५८३८५९६ Rank : Rfn, Unit 9 GR का नर बहादुर ठाकुर (ने.ना.प्र.प.मा नामथर नर बहादुर शाही भन्ने नर बहादुर ठाकुरको श्रीमती डिल कुमारी शाही भन्ने डिल कुमारीको नेपाली नागरिकता प्रमाणपत्र नं १४३ मा नामथर डिल कुमारी शाही भन्ने डिल कुमारी, जन्ममिति वि.सं. २००६।०४।०७ (सन् १९४९-०७-२२) उल्लेख भएको र निजको श्रीमानको भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नामथर डिल कुमारी Dil Kuamari र जन्ममिति सन् १९४७-०६-०४) उल्लेख भई नामथर र जन्ममिति फरक भएता पनि दुई नामथर र जन्ममिति भएको व्यक्ति एउटै भएको भनी महाशिला गाउँपालिका ४ नं. वडा कार्यालय, पर्वतको च.नं. १४८ मिति २०८३।०५।०३ को पत्रबाट सिफारिस भई आएकोले सोही व्यहोरा पेन्सन प्रयोजनका लागि प्रमाणित गरिन्छ।

**प्रमुख जिल्ला अधिकारी**

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रशासन कार्यालय**
**लमजुङ**

## एउटै व्यक्ति भएको सूचना



प्रस्तुत सम्बन्धमा लमजुङ जिल्ला साविक सिम्पानी गा.वि.स. वडा नं. ०३ हाल मर्स्याङ्दी गाउँपालिका वडा नं. ०९ निवासी भारतीय भु.पु. सैनिक नं. ५८४३५८४ ए २/९ जि.आर. का हवल्दार रमेश थापाको श्रीमती राधीका थापाले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं. १४२४) मा नामथर काली थापा भन्ने राधीका थापा र जन्म मिति वि.स. २०१५/०५/१० (ई.स. १९५८-०८-२६) उल्लेख भएको र भारतीय सैनिक अभिलेखमा नामथर राधीका थापा र जन्म मिति वि.स. २०१६/०४/२५ (ई.स. १९५९-०८-०९) उल्लेख भई नामथर र जन्म मिति फरक परेता पनि उल्लेखित फरक-फरक नामथर र जन्म मिति गरेको व्यक्ति फरक-फरक नभइ एउटै व्यक्ति भएको बेहोरा मर्स्याङ्दी गाउँपालिका ०९ नं. वडा कार्यालयको च.नं. २११ मिति २०८३/०५/०२ को सिफारिस बमोजिम सोहि बेहोरा भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ लागि मात्र अनुरोध छ।


**प्रमुख जिल्ला अधिकारी**

## एउटै व्यक्ति भएको सूचना

जिल्ला स्याङ्जा फेदीखोला गाउँपालिका वडा नं ०३ निवासी भारतीय सेनाका भु.पु. सैनिक नं १४५१२७२६ NK प्रेम बहादुर रानाभाटको श्रीमतीको, छोराको र छोरीको ना.प्र.मा र सैनिक अभिलेखमा तपशिल बमोजिमको नामथर र जन्म मिति फरक परेकोले फरक फरक नामथर र जन्म मिति भएतापनि व्यक्ति एउटै भनी सोही सम्बन्धित निकायमा सिफारिस गरिदिनुहुन भनी उक्त वडा कार्यालयको च.नं ८८ मिति २०८३/०५/०२ को पत्रबाट लेखि आएकोले भारतीय पेन्सन प्रयोजनार्थ सोही व्यहोरा सिफारिस गरिन्छ।

| क.स. | ना.प्र.मा नामथर | सैनिक अभिलेखमा नामथर | नाता | ना.प्र.मा जन्म मिति वि.सं. | सैनिक अभिलेखमा जन्म मिति ई.से. |
|---|---|---|---|---|---|
| १ | बेल कुमारी रानाभाट | बेल कुमारी | श्रीमती | १०/१०/२०१६<br>ई.सं. २४-०१-१९६० | १५-०४-१९६०<br>वि.सं. ०३/०१/२०१७ |
| २ | मिना रानाभाट | खिमा कुमारी रानाभाट | छोरी | ११/०४/२०३३<br>ई.सं. २६-०७-१९७६ | २०३३/०९/०९<br>ई.सं. २३-१२-१९७६ |
| ३ | नैना रानाभाट | नैना रानाभाट | छोरी | ०४/०८/२०३६<br>ई.सं. २०-११-१९७९ | १२/०९/२०३५<br>ई.सं. २७-१२-१९७८ |
| ४ | राजु रानाभाट | दल बहादुर राना भाट | छोरा | १५/०३/२०४३<br>ई.सं. २९-०६-१९८६ | २९-०६-१९८१<br>वि.सं. १५/०३/२०३८ |






**जिल्ला प्रशासन कार्यालय, स्याङ्जा**

## एउटै व्यक्ति भएको सूचना

पर्वत जिल्ला साविक भंगरा गा.वि.सं. वडा नं. २ हाल फलेवास नगरपालिका वडा नं. ९ बस्ने भारतीय सेना भु.पु.नं. ५२४२६४६L हवल्दार केश बहादुर कार्कीको तपशिल बमोजिमको पारिवारिक विवरण रहेको भनी फलेवास नगरपालिका ९ नं. वडा कार्यालय पर्वतको च.नं.२२ मिति २०८३/०४/०८ को पत्रबाट सिफारिस भै आएकाले तपशिल बमोजिमको पारिवारिक विवरण पेन्सन प्रयोजनको लागि प्रमाणित गरिन्छ। तपसिल

| क्र.स. | नामथर | नाता | जन्म मिति | विवाह मिति | अपाङ्गता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | केश बहादुर कार्की | पेन्सनर | २०१३/०१/०५ | २०३५/०३/०४ | नभएको | जिवित |
| २ | दिर्पा देवी कार्की | श्रीमती | २००९/०३/०५ | २०३५/०३/०४ | नभएको | जिवित |
| ३ | गंगा बहादुर कार्की | बाबु | - | - | - | मृत्यु भएको |
| ४ | सरस्वती थापा | आमा | - | - | - | मृत्यु भएको |
| ५ | डोल बहादुर कार्की | छोरा | २०४४/०२/१९ | २०६३/०१/२६ | नभएको | जिवित |
| ६ | कृष्ण कुमारी थापा | छोरी | २०३७/०१/१६ | २०६०/०१/२१ | नभएको | जिवित |




**जिल्ला प्रशासन कार्यालय पर्वत, कुश्मा**

## संस्थाको नाममा रहेको सवारी साधन गोप्य सिलबन्दी बोलपत्र मार्फत बिक्री गर्ने सम्बन्धी ७ दिने अत्यान्त जरुरी सूचना

प्रकाशित मितिः २०८३/०५/०५

यस संस्थाको नाममा दर्ता कायम रहेको तपसिलमा उल्लेखित सवारी साधन जहाँ जेजस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएको हुँदा यो सूचना प्रकाशन गरिएको छ। तसर्थ उक्त (सवारीसाधन) सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी तथा संघ संस्थाहरुले लिखित शर्तबन्देजको अधिनमा रही यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन् आव्हान गरिन्छ।

**तपसिल**

| सवारी साधनको विवरण | | |
|---|---|---|
| सवारी दर्ता नं. | ग १२ प ९३६५ | ग १० प ७३३२ |
| सवारी धनिको नाम | श्री सरल नमुना बचत तथा ऋण सहकारी संस्था लि. | श्री सरल नमुना बचत तथा ऋण सहकारी संस्था लि. |
| कम्पनीको नाम | होण्डा मोटर्स | होण्डा मोटर्स |
| सवारीको मोडल | SP Shine 2016 | CB Shine 2015 |
| सि.सि./हर्ष पावर | १२४।७ सि.सि. | १२५ सि.सि. |
| इन्जिन नम्बर | JC73E80138969 | JL65F7018707 |
| च्यासिस नम्बर | ME4JC731LG8069084 | ME4JE652F87056331 |
| रङ्ग | कालो | रातो |
| सवारी चलाउने इलाका | नियम अनुसार | नियम अनुसार |

**शर्तहरु :**

१. संस्थाको अधिकार प्राप्त अधिकारीले प्रमाणित गरी तोकिएको फारम शुल्क बुझाई उल्लेखित विवरणहरु भरिएको फारम मात्र मान्य हुनेछ। फोटोकपी वा प्रतिलिपीमा भरिएको फारमलाई मान्यता दिइने छैन ।
२. बोलपत्रदाताले अनुसूची-१९ को बोलपत्र फारममा कबोल गरेको मूल्य अंक र अक्षरमा स्पष्टसंग उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा पूरा नलेखिएको बोलपत्र फारम मान्य हुने छैन।
३. रित नपुगी प्राप्त भएको बोलपत्रहरु उपर कुनै कार्बाही हुने छैन।
४. बोलपत्रमा उल्लेख गरिएको मूल्य अंक र अक्षर केरमेट गर्नु हुदैन। यदि केरमेट भएमा त्यस्तो अंक वा अक्षरलाई खुर्किने वा टिपेक्स लगाएर मेटाउनु हुदैन। सच्चाईएको अक्षर वा अंकलाई पढ्न सकिने गरी केरी थप्नु पर्ने भएमा चिन्ह प्रयोग गरी बुझिने गरी लेख्नु पर्दछ, यसरी लेखिएको अंक वा अक्षरको अगाडी पछाडी अरु थप्न नपाईने गरी अगाडी र पछाडी सहीछाप गर्नु पर्दछ। सो बमोजिम नभएको बोलपत्रलाई मान्यता दिइने छैन।
५. बोलपत्रमा आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस संसथको नाममा रहेको ग्लोवल आई.एम.ई. बैकं को खाता नं. ११७०१०१००००००२ मा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्नेछ। यसरी राखेको दाखीला नगरको बोलपत्रलाई मान्यता दिईने छैन। स्वीकृत नभएका बोलपत्रदाताहरुको रकम संस्थाले बोलपत्र खुलेको आठौं दिन देखी फिर्ता दिनेछ।
६. बोलपत्र बुझाएको खामको शीरमा मूल्याँकन तथा लिलाम कार्यदलको संयोजकलाई सम्बोधन गरी संस्थाको नाम उल्लेख गरिएको हुनु पर्दछ र यस्तो खाममा सामान लिलाम सम्बन्धी बोलपत्र भनि प्रष्ट उल्लेख गर्नु पर्दछ।
७. बोलपत्रदाताले सिलगरिएको बोलपत्र संस्थाको कार्यालय समयमा स्वयं वा प्रतिनिधी मार्फत दर्ता गर्न सकिनेछ। यस्तो बोलपत्र बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिने छ, तर बोलपत्रदाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
८. बोलपत्र खोल्ने दिन शनिवार वा सार्वजनिक विदाको दिन परेमा सो को भोलीपल्ट कार्यालय खुलेको दिन खोलिने छ।
९. सामान उठाउन स्वीकृत गरिएको बोलपत्रदाताले आफुले कबोल गरेको रकमको १० प्रतिशत धरौटी रकम कट्टा गरी बाँकी रहेको ९० प्रतिशत रकम सम्झौतामा उल्लेख भएको मिति भित्र संस्थामा दाखिला गरी सामानहरु उठाउन सक्नेछ।
१०. सामान उठाउँदा लाग्ने ढुवानी, प्रशासनिक तथा अन्य सम्पूर्ण खर्च बोलपत्रदाता स्वयंले गर्नु पर्नेछ।
११. प्राप्त बोलपत्र स्वीकृत गर्ने नगर्ने वा आँशिक रुपमा स्वीकृत गर्ने भन्ने कुराको अधिकार संस्थामा निहित रहनेछ। सो कारबाही सम्बन्धी कुनै कुरा प्रकाशमा ल्याउन वा जानकारी दिन संस्था बाध्य हुने छैन।

| बोलपत्र पेश गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति |
|---|---|
| मितिः २०८३/०५/११ गतेसम्म<br>स्थानः श्री सरल नमुना बचत तथा ऋण सहकारी संस्था लि.<br>पोखरा-९ चिप्लेढुङ्ग कास्की<br>समयः विहान ९:०० देखि बेलुका ०५:०० सम्म | मितिः २०८३/०५/१२ गते<br>स्थानः श्री सरल नमुना बचत तथा ऋण सहकारी संस्था लि.<br>पोखरा-९ चिप्लेढुङ्ग कास्की<br>समयः ३:०० दिउँसो |

**श्री सरल नमुना बचत तथा ऋण सहकारी संस्था लि.**
**SHREE SARAL NAMUNA SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.**
पोखरा-९, चिप्लेढुङ्गा, कास्की, फोनः ०६१-५८५०८०, ५७७९०७
e-mail: saralnamuna523@gmail.com